स्तम्भ–निबन्धक्रम

खण्ड एक : परोपकार

१. नेपाल फर्किने बेलामा
२. कृपया पाँच रुपैयाँ दिनोस् न !
३. राजनीति र कल्याण
४. उद्योगी-व्यापारीलाई खुला पत्र
५. 'मेरो जिन्दगी, मेरो विश्वास'
६. एकपल्ट गरेर त हेरौँ
७. सिटी सेन्टर र कमलपोखरी
८. पूर्वराजालाई खुला पत्र
९. तपशिलमा अल्झिएको देश
१०. परम्परा सुधार्ने काइदा र मृत्यु-इच्छा
११. फेरि मृत्यु-इच्छाकै प्रसङ्ग
१२. यो जिन्दगी खै के जिन्दगी !

१३. (अ)बौद्धिक बेइमानी
क. कर्ण शाक्यको जवाफ
ख. गगन थापाको जवाफ
१४.प्रतिरक्षात्मक हुन चाहन्नँ
१५. सौभाग्यलाई सम्झँदा
१६. भगवान् पनि हाँस्छन् होला
१७. यस्तो डाक्टर पो डाक्टर
१८.अर्बपतिले आँसु झार्दा
१९.आफ्नै शैलीको नयाँ वर्ष
२०.प्रचार नखोजिएको एक करोडको दान
२१. भँगेरे मुटु
२२. दीनबन्धुजीले यसो पनि गरे कसो होला ?
२३. यो देशमा यस्ता मान्छे पनि छन्
२४.आपत्तिजनक पत्रकारिता
२५. बाह्रफुटे बुद्धि

२६. छुच्चो पेशा
२७. सबैको धरातल भासिएपछि
२८. 'जी' भन्दा झरेको आँसु
२९. चम्पादेवीमा केबलकार
३०. दिलशोभाको दिल
३१. शिवानी र इला प्रेरणा बनून्
३२. 'खान पुगोस्, दिन पुगोस्'
३३. हिमानीलाई शुभकामना !
३४. साम्यवादी र पूँजीपतिका कुरा
३५. विकास पर्यटन यात्रा
३६. को हुन् 'सिलेब्रटी' ?
३७. जे सोच्छौँ, ठूलो सोचौँ
३८. हामीले यस्तो कहिले गर्ने ?
३९. कहालीलाग्दो तथ्य र हाम्रो आडम्बर
४०. मासुभात र भोका पेट

४१.पूर्णमानका आँखा
४२.छोराछोरी नेपाल फर्काऔँ
४३.कल्याणकारी समाज, कल्याणकारी राज्य

खण्ड दुई : राजनीति

१. गगन थापा सभापति किन नहुने ?
२. कोइरालालाई यसरी पनि हेर्ने कि ?
३. गरेर मर्ने कि लडेर मर्ने ?
४. समाजवाद र काङ्ग्रेस नेतृत्व
५. अब पैतृक कर र हदबन्दी
६. सिद्धान्तवादी अन्धाहरू
७. राजनीतिमा युवा : दुई विकल्प
८. पैसा, पढाइ छैन ? राजनीति नगर्नोस्
९. देशको माया भए भन्दिनोस्
१०.इतिहासको घाउ कोट्र्याउँदा

खण्ड एक

परोपकार

नेपाल फर्किने बेलामा

अन्ततः पेशागत र व्यक्तिगत दुवै रूपमा नेपाल फर्किने मेरो लामो धोको पूरा हुन लागेको छ। पाकिस्तानमा झन्डै तीन र बेलायतमा १४ वर्ष बिताएपछि म स्थायी रूपमा अर्को महिना नेपाल फर्किंदै छु। बेलायतमा बिताएका १४ वर्ष मेरा लागि मेरो जीवनका अत्यन्त सुखद, उपलब्धिपूर्ण र सन्तोषजनक समयका रूपमा सदा रहिरहनेछन्। पाकिस्तानको तीन वर्षको बसाइले मेरो शैक्षिक जीवनमा एउटा इँटा थपेको थियो र मेरो पेशागत जीवनको जग निर्माण गरेको थियो। बेलायतको बसाइले मेरो शैक्षिक जीवनमा अर्को इँटा थप्यो र मेरो पेशागत जीवनलाई एउटा रूप र परिचय दियो। ती सबैले मलाई व्यक्तिगत रूपमा सुखद अनुभूति दिने गरेका छन्। तर मैले आफ्नो शिक्षा र

पेशाको धरातलमा उभिएर बेलायत बसाइका क्रममा देखेका र भोगेका क्षणहरूले मलाई जे सिकाए र मेरो पेशाभन्दा बाहिर मभित्र रहेको गहिरो विश्वासलाई अघि बढाउन जसरी प्रेरित गराए, त्यो मेरा लागि सबैभन्दा सन्तोषको पक्ष रहेको छ। यी अनुभूतिलाई दुइटा कारणले मैले यहाँ बाँड्ने धृष्टता गरिरहेको छु। आशा छ, प्रबुद्ध पाठकहरूले यसलाई अन्यथा लिनुहुनेछैन।

पहिलो कारण हो, जेले मलाई आफ्नो आजसम्मको यात्रामा सबभन्दा ठूलो सन्तोष प्रदान गरेको छ, त्यसका लागि म आफूलाई नभएर विदेशमा बस्ने र खास गरी बेलायतवासी अनगिन्ती नेपालीलाई धन्यवाद दिन चाहन्छु। तिनको सद्भाव, विश्वास अनि नैतिक र आर्थिक सहयोग नभएको भए मैले तय गरेको त्यो सानै किन नहोस् तर सबभन्दा बढी सन्तोषजनक पाइला चाल्न सक्ने सम्भावनै रहने थिएन। आफ्नो १४ वर्षको प्रवासमा मैले नेपाल र नेपाली भनेपछि

मरिमेट्ने कैयौँ नेपालीलाई भेट्ने, उनीहरूबारे सुन्ने/पढ्ने र कतिपयसँग विचार आदानप्रदान गर्ने मौका पाएँ। उनीहरूबाट मैले धेरै सिकेको छु। यो आलेखमा ती सबैको नाम लिन सम्भव छैन; तर नेपाल र नेपाली समुदायलाई कुनै न कुनै रूपमा सहयोग गर्ने ती सबै नेपालीप्रति म पूर्णतः नतमस्तक छु। ती सबै मेरो बाँकी जीवनमा प्रेरणाका स्रोत रहिरहनेछन्। तिनको नैतिक या आर्थिक सहयोग नभएको भए म र समान विचारधाराका मेरा साथीहरूद्वारा स्थापित र सञ्चालित हेल्प नेपाल नेटवर्क (www.helpnepal.net) ले नौ वर्षको अवधिमा मूल रूपमा नेपालीहरूबाटै उठाइएको रकमबाट नेपालका गाउँहरूमा कैयौँ स्कुल बनाउने, स्वास्थ्यचौकी चलाउने, पुस्तकालय निर्माण गर्ने, कैयौँ स्कुल र स्वास्थ्यचौकीलाई शैक्षिक र स्वास्थ्य उपकरण प्रदान गर्ने र आपत्कालीन राहत उपलब्ध गराउने काम गर्न सक्ने थिएन।

'नेपालका लागि नेपालीले गरौँ' भन्ने नाराका साथ नौ वर्षअगाडि शुरू गरिएको 'नेपालका लागि महिनामा एक पाउन्ड कोष' अभियान अहिले बेलायतसहित अरू कैयौँ देशमा फैलिएको छ। हामी सबै आपसमा मिलेर काम गर्ने गर्छौं। कतिपय ठाउँमा त समान नाराका अन्य संस्था पनि स्थापना भएका छन्। भविष्यमा हेल्प नेपाल नेटवर्क सञ्चालनका लागि सहयोग पुगोस् भनी स्थापना गरिएको प्रशासनिक कोषमा मात्रै विभिन्न देशमा रहेका २५ नेपालीले कम्तीमा अढाई लाखदेखि बढीमा पाँच लाख रुपैयाँसम्म चन्दा दिएका छन्। सो कोषलाई अझ ठूलो बनाउने प्रयास जारी छ। हेल्प नेपालमा काम गर्ने क्रममा मैले यति धेरै प्रेरणादायी नेपाली भेटेको छु, जसप्रति मेरो श्रद्धा सदा अटल रहिरहनेछ।

१४ वर्षको प्रवास बसाइका क्रममा वास्तविक रूपमा काम गर्नेसँगसँगै कुराले संसार हाँक्ने तर नेपाल र नेपालीका लागि केही पनि नगर्ने या लाज

छोप्नका लागि अत्यन्त नगण्य एक-दुई काम गरेर फुर्ती लगाउने, घरको गरीबी छल्न विदेशमा दुःखजिलो गर्ने नेपालीलाई गन्दै नगन्ने, टन्न पैसा कमाएर पनि आफू पढेको गाउँको स्कुललाई जस्ताको तस्तै छोड्ने तर सिङ्गो देश बनाउने भाषण छाँटेर हिँड्ने, अनि नेपालमा 'हामी जस्ता सक्षमहरूको कदरै हुँदैन' भनेर सरकारलाई गाली गर्ने, कत्ति पनि सामाजिक दायित्वबोध नभएका, कपटभद्र नेपालीहरू पनि नभेटिएका होइनन् । तिनीहरू सधैँ मेरो लेखाइको तारो बने र भविष्यमा पनि बनिरहनेछन् ।

मैले यी अनुभूति बाँड्नुको अर्को कारण, विदेशमा बस्ने धेरै नेपालीमा व्याप्त नेपाल फर्किने या नफर्किने भन्ने द्विविधासँग सम्बन्धित छ । मेरा दुवै छोराछोरी लन्डनमा जन्मिएका हुन् । ११ वर्ष र आठ वर्षका हुँदा उनीहरूलाई मैले २०६४ सालमा स्थायी रूपमा नेपाल सारेँ । धेरै मित्र र आफन्तको दबावका बावजूद मैले र मेरी श्रीमतीले आफूहरूलाई मात्र

होइन, छोराछोरीलाई पनि बेलायती नागरिकता लिन इन्कार गरिदिएकामा धेरैले हामीलाई मूर्ख सम्झिएका थिए। त्यति मात्र होइन, हामी उनीहरूलाई यस्तो स्थितिमा नेपाल सारिरहेका थियौँ, जति बेला नेपालमा स्कुलहरू नियमित रूपमा चलिरहेका थिएनन्; दिनमा १२-१५ घण्टासम्म बिजुली गैरहेको थियो; काठमान्डु धूलो, धूवाँ, फोहोरमैलाले व्याप्त थियो र सुरक्षा स्थिति नाजुक हुँदै गैरहेको थियो। म भने काठमान्डुमा रहेका मेरा कैयौँ मित्रले झैँ छोराछोरीलाई १२ कक्षासम्म भारतमा पढ्न पनि नपठाउने, बेलायतमा पनि नराख्ने र आफू पनि उमेर छँदै नेपाल फर्किने पक्षमा थिएँ। काठमान्डुमा आर्थिक स्थिति पूर्णतः मध्यमवर्गीय हुँदाहुँदै मेरो त्यस्तो ढिपी देखेर मेरा नातेदारहरू भन्थे– 'कुकुरलाई घिउ नपचेको,' 'बोकाको मुखमा कुभिन्डो नअँटेको' आदि-इत्यादि। तर मलाई त्यस्ता टिप्पणीले छुँदैछुँदैनथे। मेरा ती नातेदारहरू फोहोर मात्र हेरिरहेका थिए। म चाहिँ फोहोरमा

कमल फुलाउने थोरै तर प्रेरणादायी ती नेपालीहरूलाई हेरिरहेको थिएँ, जसका कारण आज देशमा व्याप्त राजनीतिक दुर्गन्धका बावजूद नेपाल नेपाल रहेको छ। त्यो देश, जसले म र म जस्ता दशौँ लाख नेपालीलाई नेपाली भन्दा गौरवको अनुभूति दिन्छ। त्यसैले विदेशमा बसेर नेपाल र नेपालीका लागि गर्ने मात्र होइन, देशभित्रै बसेर अनेकौँ रचनात्मक काम गरेर म जस्ता कैयौँलाई नेपाल फर्किन प्रेरित गर्ने ती नेपालीहरूप्रति पनि म उत्तिकै आभारी छु। ती फर्किएर सारा नकारात्मकताका बावजूद खुशीसाथ अत्यन्त रचनात्मक जीवन बिताइरहेका छन् भने म र मेरो परिवारले चाहिँ काठमान्डुमा बस्न नसक्ने भन्ने प्रश्नै उठ्दैनथ्यो। कुनै दुःखद घटना घट्नु छ भने त्यो भाग्यको खेल हो; जहाँ बसे पनि टारेर टर्दैन त्यो।

हो, म फर्किएर कैयौँ नेपालीले झैँ हिलोमा कमल फुलाउन नसक्ँला; आकाशको तारा खसाउन नसक्ँला।

म त्यस्तो कुनै महान् लक्ष्य लिएर फर्किन लागेको पनि होइन। मेरा धेरै दौंतरीले 'खूब शान देखाएर ठूलो मान्छे हुन गएको थियो, देख्यो ताइँ' भन्लान्। 'त्यो त महाको आडम्बरी हो नि; मुखले बडो राष्ट्रवादी कुरा गर्छ; केके व्यक्तिगत फाइदा हुने देख्यो अनि फर्कियो' भन्लान्। भन्नेले यही आलेखलाई पनि 'आफ्नो डम्फु आफैँ बजाएर शान दिएको' भन्लान्। भोलि मेरा छोराछोरीले 'हामीलाई लन्डनको स्वर्गबाट काठमान्डुको नर्कमा लेराएर जाकेको' भनेर सराप्लान्। ती सबैको सामना गर्न म तयार छु। सबभन्दा डर मलाई अरूको नभै आफ्ना छोराछोरीले भोलि सराप्लान् भन्ने नै छ। छोराछोरी साना हुन्जेल तिनका मार्गनिर्देशक तिनले मन पराए पनि नपराए पनि तिनका बाबुआमा नै हुन्। आज मैले आफ्नो ब्रह्मले जे ठीक देखेँ, त्यो गरेँ। भोलि उनीहरूले मैले जेलाई आदर्श देखेँ, त्यसलाई भूल सम्झिए भने मलाई कुनै पश्चात्ताप हुनेछैन। त्यसमा

म प्रस्ट छु। मैले रोजेको बाटोबाट उनीहरू अलिकति मात्र पनि प्रेरित भए भने म आफूलाई धन्य सम्झनेछु। भएनन् भने, त्यसलाई म आफ्नो जीवनको दुर्भाग्यको एउटा पाटो सम्झनेछु।

मैले यी अनुभूति नेपाल फर्किन लागेर या अलिकति कल्याणको काममा संलग्न भएर केके नै गरेँ भनी फुर्ती लगाउन पाठकहरूसमक्ष पस्किएको अवश्य होइन। तर, समाज कल्याणकारी भावनाबाट निर्देशित हुने हो भने सधैँ सरकारलाई गाली गरेर बस्नुपर्दैन र धेरै सकारात्मक काम आफैँ हुन सक्छन् भनेर पुनर्पुष्टि गर्न खोजेको चाहिँ अवश्य हो। त्यसै गरी वर्तमान परिस्थितिमा पनि दृढ मनोबल हुने हो भने नेपाल फर्किन सकिन्छ भनेर जिकिर गर्न खोजेको पनि हो। त्यति गर्दा म घमन्डी सुनिएको छु भने प्रबुद्ध पाठकहरूसँग क्षमायाचना गर्न चाहन्छु।

अन्तमा, तपाईंहरू, खास गरी विदेशमा बस्ने

नेपालप्रेमी नेपालीहरू, कसैलाई पनि आफूले छोडेर गएका ती गरीब गाउँहरूमा शिक्षा र स्वास्थ्यको क्षेत्रमा केही गर्न इच्छा, त्यसका लागि उपयुक्त माध्यमको आवश्यकता र त्यो माध्यम हेल्प नेपाल नेटवर्क बनिदिन सक्छ भन्ने विश्वास छ भने कृपया मलाई नि:सङ्कोच सम्पर्क गर्नुहोला। नेपाल फर्किएपछिको आफ्नो निजी समय सकेसम्म विदेशमा बस्ने नेपालीहरूको कल्याणकारी चाहनालाई साकार पार्नमा व्यतीत गर्ने मेरो मनसाय हो। कल्याणको काममा कसैका लागि पनि सहायकसिद्ध हुन पाएँ भने म आफूलाई भाग्यशाली सम्झनेछु।

कान्तिपुर दैनिक, २०६५ फागुन २६

कृपया पाँच स्पैयाँ दिनोस् न !

कान्तिपुर दैनिकमा *नेपाल फर्किने बेलामा* आलेख छापिएपछि त्यसबारे संसारभरिबाट सयौँको सङ्ख्यामा प्रतिक्रिया प्राप्त भए। लामो विदेश बसाइपछि नेपाल फर्किने मेरो नितान्त व्यक्तिगत निर्णय अनुभूति र अनुभवसँग सम्बन्धित हुनाले सो आलेख मैले बडो अप्ठेरो मानीमानी तयार पारेको थिएँ। त्यसलाई मपाइँत्वका रूपमा लिइएला भन्ने मलाई ठूलो डर थियो। तर, एकाध टिप्पणी त्यसतर्फ लक्षित भए पनि बाँकी सबै प्रतिक्रिया सहयोगात्मक र सकारात्मक रहे। ती प्रतिक्रियाहरूबाट मलाई के महशूस भयो भने, अत्यन्त व्यक्तिगत आकलन र अनुभूतिहरूलाई इमानदारीपूर्वक पाठकहरूसँग बाँड्ने हो भने त्यसले सकारात्मक सोच, कार्य र वैचारिक मन्थनका लागि सहयोग नै पुऱ्याउने रहेछ। सोही धारणाको